कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: १७ | वि.सं. २०८१ | बैशाख | १८ | मंगलवार | नेपाल संवत: ११४४, | वैशाख कृष्ण षष्ठी | Tuesday | 30 | Apr. | 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

## पूर्वी सुर्खेतको स्थलगत रिपोर्ट

# कृषिमा प्रचुर सम्भावना, मेहनतको खाँचो

**नन्दराम जैशी**
**सुर्खेत, १७ वैशाख ।**

बैशाख १४ गते बिहानको करिब पौने ८ बजिसकेको थियो । सुर्खेतका क्रियाशिल पत्रकार तथा कृषि क्षेत्रमा कार्यरत कर्मचारीहरु कृषि विकास निर्देशनालय सुर्खेतको प्रांगढमा जम्मा हुनेक्रम जारी थियो । उपलब्ध व्यक्तिहरु खाजा खाँदै थिए ।

खाजापछि निर्देशनालयले गरिरहेका काम तथा गतिविधिको अवस्था बुझ्न हामी पूर्वी सुर्खेततिर हुइँकियौ । केही समयको यात्रापछि भेरीगंगा नगरपालिका-१० छिन्चुमा रहेको दुई सय मेट्रिक्टन क्षमताको शित भण्डार (कोल्ड स्टोर) मा पुगियो । जहाँ हाल सात सय बोरा वीउ आलु भण्डारण गरिएको थियो ।

२०७७ मंसिर २९ मा सञ्चालनमा आएको यो शित भण्डार विद्युत समस्याका कारण नियमित सञ्चालनमा भने कठिनाई रहेछ । तर सिजनत उत्पादित फलफुल तथा तरकारीलाई लक्षित गरी शित भण्डार प्रयोगमा ल्याइएको छ ।

यो शित भण्ढार साना किसान कृषि सहकारी संस्था लिमिटेडमा आवद्ध नारी जागरण बहुउद्देश्यीय कृषि समुहले निर्माण गरेर सञ्चालनमा ल्याएको हो । ६ रोपनी जग्गामा

बाँकी ३ पेजमा









### परिश्रमले धनसँगै खुसी भित्रियो

दिउँसोको करिब १२ बजिसकेको थियो । एकपछि अर्को ठाउँको अवलोकन गर्ने क्रममा हामी गुर्भाकोट-७ स्थित पवित्र वीउ उद्योगमा पुग्यौं । जहाँ परिश्रमले धनसँगै खुसी भित्र्याउनेहरु काममा व्यक्त देखिन्थ्ये । कोही धानको वीउ ग्रेडिङ गर्दै थिए, त कोही मकैको बीउ प्याकेजिङ । सबै आ-आफ्नो काममा व्यक्त थिए ।

जे होस् उनीहरु आफ्नो मेहनतले अँझै धन र खुसी दुबै प्राप्त हुनेमा पक्का थिए । २०५८ मा डिभिजन सहकारी कार्यालय बाँकेमा विधिवत् दर्ता भएको पवित्र जनकल्याण कृषक सहकारी

बाँकी ३ पेजमा

### गरे के हुदैन ? भन्ने गतिलो उदाहरण

दिन घर्किदै गएपछि सो दिन समय अभावका कारण अनुगमनको अन्त्यमा सुर्खेत गुर्भाकोट-१३ गुमीका नमूना किसान गोविन्द वलीको फर्ममा पुग्यौं । जो बैदेशिक रोजगारीका क्रममा मलेसियामा चार बर्ष बिताएपछि गाउँ फर्किएका थिए ।

गोविन्दसँगै उनका दाजुले पनि वैदेशिक रोजगारीका क्रममा मलेसियामा पाँच बर्ष बिताएका रहेछन् । वलीका बुवाआमाले पहिले देखि नै घरमा भैंसि पाल्ने गर्थे । गोविन्द विदेशबाट फर्किएर भैसीँ पालनसँगै

बाँकी ३ पेजमा

### परिवर्तन ल्याउनेगरी काम हुँदै

कर्णाली प्रदेशको कुल खेतीयोग्य दुई लाख ९९ हजार तीन सय ३९ हेक्टर जमिनमध्ये हाल दुई लाख १६ हजार आठ सय ८० हेक्टर जमिनमा खेती भइरहेको छ । तर कर्णालीमा अझै वार्षिक २३ हजार चार सय ३४ मेक्ट्रिकटन खाद्यन्न अपुग छ ।

तर कृषि विकास निर्देशनालय सुर्खेतका निर्देशक चित्रबहादुर रोकायाका अनुसार अब कृषिमा परिवर्तन ल्याउने गरी काम भइरहेको छ । कृषि उत्पादनबाट आत्मनिर्भर बन्नुका साथै निर्यात गर्नेगरी व्यवसायिक खेतीमा जोड दिइएको उनले बताए ।

उनका अनुसार गत वर्ष एक अर्ब

बाँकी ३ पेजमा

## प्रदेशसभाको तेस्रो अधिवेशन अन्त्य




**युग संवाददाता**
**सुर्खेत, १७ वैशाख ।**

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको तेस्रो अधिवेशन अन्त्य भएको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले अधिवेशन अन्त्य गर्ने निर्णयसँगै प्रदेश प्रमुख तिलक परियारले संविधानको धारा १८३ को उपधारा २ बमोजिम अधिवेशन अन्त्य गरेका हुन् ।

प्रदेश पमुख परियारले अधिवेशन अन्त्य गरिएको पत्र प्रदेशसभा सचिवालयमा पठाइएका थिए । प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पढेर सभामुख नन्दा गुरुङले अधिवेशन अन्त्य भएको घोषणा गरेकी थिइन ।

३० फागुनबाट सुरु भएको तेस्रो अधिवेशनमा १२ घण्टा ५६ मिनेट गरी कुल ११ वटा बैठक बसेका छन् ।

तेस्रो अधिवेशनमा मुख्यमन्त्री यामलाल कँडेलले विश्वासको मत लिए लिएका छन् । यस्तै, यो अवधिमा कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०, प्रदेश खेलकुद विकास ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक, कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक विषयगत समितिमा दफावार छलफलका लागि दर्ता भएका छन् भने, १५ फागुनमा प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसंद सचिवालयमा दर्ता भएको प्रदेशसभा सचिवालयले जनाएको छ ।



पालिका विशेष

# गुराँसको फेरिँदै मुहार



हिक्मतबहादुर नेपाली

कर्णालीको राजधानी वीरेन्द्रनगरदेखि नजिकको स्थानीय तह हो, दैलेखको गुराँस गाउँपालिका। मुलुक संघीय संरचनापछि तत्कालिन बराह, सेरी, खड्गवाडा, गोगनपानी, पिलाडी र लालीकाँडा गाविसलाई समेटेर गुराँस गाउँपालिका निर्माण भयो।

पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको गुराँसमा पर्यटकीय गन्तव्यमात्र होइन्, आलु लगाएतका तरकारी उत्पादनका हिसावले पनि चर्चित छ। गुराँस फुलको मनमोहक दृष्य र चिसो हावापानीका साथै व्यवसायीक र मनोरञ्जनको उदेश्यले वर्षेनी हजारौ आन्तरिक र बाहेक पर्यटनहरु गुराँस पुग्छन्।

सम्भतः कर्णालीको राजधानीबाट प्रदेशका अन्य पहाडी र हिमाली जिल्लाहरुमा जान प्रमुखद्धारको रुपमा रहेको गुराँस कृषि, पशुपंक्षि, वन, जडीबुटी, पर्यटन तथा साना अन्य उद्योगहरुको लागि उपयुक्त छ। यो समय गुराँसका अधिकाँश क्षेत्र गुराँस फुलेर ढकमक्क छ।

संघीयता कार्यान्वयनपछिको दोस्रो स्थानीय तह निर्वाचनबाट पालिकाको अध्यक्षमा नेकपा एमालेबाट टोपबहादुर बिसी र उपाध्यक्षमा नेकपा एमालेबाटै शिवाकुमारी खड्का निर्वाचित भएका छन्। दोस्रो कार्यकालका लागि निर्वाचित जनप्रतिनीधिहरुले दुई वर्ष बिताईसकेका छन्। पालिकाका जनप्रतिनीधि र कर्मचारीहरुको अथक प्रयासबाट जनताको नजिकको सरकारका रूपमा रहेको संस्थागत हुनुका साथै गुराँस समृद्धिको गतिमा अघि बढेको छ।

कार्यान्वयनमा ल्याएका नवीनतम कार्यहरूमार्फत पालिकाले जनताको मन जित्न सफल भएको छ। आर्थिक विकास, सामाजिक विकास, शिक्षा र स्वास्थ्यमा पहुँच विस्तार, कृषि र पशुपालनमा अनुदान, उद्यमशीलताको प्रवर्द्धन, रोजगारी सिर्जना, भौतिक पूर्वाधारको विकास, सडक सञ्जाल निर्माण, खानेपानीको पहुँच विस्तार लगाएतका कार्यहरु पालिकाले अघि बढाएको छ।

गाउँपालिकाका अध्यक्ष टोपबहादुर बिसी स्थानीय सरकार जनताको घरदैलोको सरकार रहेको बताउँछन्। 'स्थानीय सरकारसँग नागरिकका असीमित आशाहरु छन्, हामीले नागरिकको चाहना र निर्वाचनको समयमा जनताका बिचमा गरेको प्रतिबद्धता अनुसार काम गरिरहेको छौं,' उनले भने।

गाउँपालिकाको कामलाई सुशासनमैत्री बनाउने, जनमुखी प्रशासन सञ्चालन गर्ने र भौतिक, सामाजिक तथा आर्थिक विकासलाई केन्द्र भागमा राखेर काम गरिएको अध्यक्ष बिसी बताउँछन्। गाउँपालिकाको केन्द्रबाट सेवा प्रवाह गर्न कठिन अवस्थामा नागरिकलाई घरदैलोमै सेवा दिन सामाजिक सुरक्षा भत्ता घरदैलोमा वितरण, योजना सम्झौता, स्वास्थ्य शिविर र गाउँपालिकाले गर्ने हरेक कामको समीक्षा वडामै गएर गर्ने कामको सुरुवात गरेको उनको भनाई छ।

हाल गाउँपालिकाले नयाँ सुविधासम्पन्न भवन निर्माण गरी गाउँपालिकाको सेवा प्रवाह गरिरहेको छ। चारवटा वडा कार्यालयका भवन निर्माण भएका छन्। गाउँपालिका भित्रका सबै विद्यालयको पुनर्निर्माण, सबै वडामा पुग्ने सडक मर्मत गरिएका छन्। 'गुराँसका सबै वडामा सडक पुगिसकेको छ, सडकको नयाँ ट्र्याक खोल्नुपर्ने छैन्, सडक मर्मतका नाममा वर्षेनी एक करोडभन्दा बढी खर्च गर्नुपर्ने अवस्था भएका कारण गाउँपालिका आफैँले सडकको मर्मत गर्नका लागि आवश्यक पर्ने डोजर र लोडर खरिद गरेको छ,' अध्यक्ष बिसीले भने।

गाउँपालिकाले गुराँसको मुहार फेर्न 'सुख र समृद्धिका लागि शासकीय सुधार, हातेमालो गरि फेरौं गुराँसको मुहार' भन्ने नारा नै तय गरेको छ। सोहि अनुसार नीति तथा कार्यक्रम अघि सारिएको गाउँपालिकाले जनाएको छ। हेरौं, गाउँपालिकाले गरेका केहि महत्वपूर्ण र नविनतम् कार्यहरु।

**• तरकारी खेतीमा चर्चित**

गुराँस आलु लगाएतका तरकारी उत्पादनका हिसावले पनि चर्चित छ। यहाँका अधिकाँश घरपरिवारको प्रमुख पेशा पनि कृषि नै हो। गाउँपालिकाले कृषिलाई व्यवस्थित गर्दै किसानको आयआर्जन बढाउन अन्य क्षेत्रभन्दा कृषिलाई प्रमुख प्राथमिकतामा राखेर बजेट विनियोजन गर्ने गरेको छ। गाउँपालिकाका कृषि र पशु शाखाले व्यवसायिक रूपमा कृषि तथा पशुपालन फार्म सञ्चालन गरिरहेका छन्। गुराँस कृषि विकास तथा अनुसन्धान केन्द्रको स्थापना भईसकेको छ। विगतमा कृषि अनुदानका नाममा भएको बेथिति नियन्त्रण गरेको गाउँपालिकाले जनाएको छ। पालिकाभित्रका करिब एक सय पचास बढि युवा किसानलाई तालिम दिएको छ। पालिकाले कृषिजन्य उद्यमलाई प्रोत्साहन गर्न 'एक वडा एक कृषि उद्योग' जस्ता विभिन्न रोजगारमूलक सञ्चालन गरेको छ।

**• बनिसक्यो स्थानीय पाठ्यक्रम**

गाउँपालिकाले पञ्चवर्षीय शैक्षिक गुरुयोजना तयारी गरी कार्यान्वयन लगेको छ। अध्यक्ष शैक्षिक सुधार कार्यक्रममार्फत युवा, शिक्षा तथा खेलकुदका कार्यक्रम सञ्चालन गरिरहेको गाउँपालिकाले गुराँसको मौलिकता तथा सम्भावनाको आधारमा व्यापक छलफल गरेर स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याईसकेको छ। जसका आधारमा कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यपुस्तकसमेत लेखन कार्य सम्पन्न भइसकेको छ। गाउँपालिकाका बाल विकास केन्द्रदेखि माध्यमिक तहसम्मका विद्यालय व्यवस्थित छन्। अन्य पालिकाको तुलनामा यहाँका विद्यालय र विद्यालयको व्यवस्थापनको पाटो उत्कृष्ठ छ।

> गाउँपालिकाले 'जेष्ठ नागरिक जहाँ स्वास्थ्यकर्मी त्यहाँ' कार्यक्रम मार्फत घरदैलोमा सेवा प्रदान गरिएको र त्यसलाई निरन्तरता समेत दिइने निमित्त प्रमुख प्रशासकीय अधिकृत दाहालले जानकारी दिए ।

**• आफ्नै स्रोतबाट पाँच शैयाको अस्पताल**

गाउँपालिकाले गाउँपालिकाको आन्तरिक स्रोतबाट पाँच शैयाको अस्पताल सञ्चालन गरिरहेको छ। गुराँस गाउँपालिका-५ रानीमत्तामा उक्त अस्पताल सञ्चालनमा छ। उक्त अस्पताल २०७५ मा स्थापना भएको थियो। जहाँ सुविधायुक्त ल्याब सेवासमेत करिब २४ घण्टा आंशिक सेवासमेत एमबिबिस डाक्टरको व्यवस्था गरिएको छ। यतिमात्र होइन् आयुर्वेद सेवा केन्द्रको रुपमा नागरिक आरोग्य समेत सञ्चालनमा छ गाउँपालिकाले नागरिकलाई स्वास्थ्य संस्थामा गएपछि औषधी नपाउने अवस्थाको अन्त्य गरेको जनाएको छ।

**• घरदैलोमा सामाजिक सुरक्षाभत्ता**

गाउँपालिकाको नीतिगत निर्णय र समन्वयमा प्रभु बैंक मार्फत बस्तीस्तर मै सामाजिक सुरक्षा भत्ता वितरण भईरहेको छ। बस्तीस्तरमै सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमले जेष्ठ नागरिक, असहाय तथा अपांगता भएका व्यक्तिहरु लाभान्वित भएका छन्। सामाजिक सुरक्षा भत्ता लिन पालिकाको केन्द्रम्म पुग्न पर्ने झन्झटिलो र खर्चिलो प्रक्रियाको अन्त्य गर्न गाउँपालिका सफल भएको छ।

**• योजना सम्झौता गर्न घुम्ती शिविर**

गाउँपालिकाले हरेक आर्थिक वर्षमा कार्यान्वयन हुने योजनाहरु सम्झौता गर्न शिविर सञ्चालन गर्ने गरेको छ। गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दिनेश दाहालका अनुसार पालिकाले निशुल्क स्वास्थ्य शिविर, पशुपंक्षि खोप तथा उपचार शिविर, ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम, उपाध्यक्ष गर्भवती कार्यक्रम लगाएतका एक महिना एक घुम्ती शिविर कार्यक्रम संचालन गरिरहेको छ। यी कार्यले नजीकको सरकारको आभास भएको नागरिकहरुबाट प्रतिक्रिया प्राप्त भएको निमित्त प्रमुख प्रशासकीय अधिकृत दाहाल बताउँछन्। गाउँपालिकाले 'जेष्ठ नागरिक जहाँ स्वास्थ्यकर्मी त्यहाँ' कार्यक्रम मार्फत घरदैलोमा सेवा प्रदान गरिएको र त्यसलाई निरन्तरता समेत दिइने निमित्त प्रमुख प्रशासकीय अधिकृत दाहालले जानकारी दिए।

**• गुराँसमा पर्यटन संवाद**

गुराँस गाउँपालिकाले १६ चैत्र २०८० मा गुराँस संवाद तथा चलचित्र पर्यटन अन्तरक्रिया आयोजना गर्‍यो। वडा नम्बर ६ र ८ को सिमानमा पर्ने भ्यूँचुलामा भएको उक्त संवादले गुराँसको पर्यटन विकासका लागि राष्ट्रिय तहमा प्रचार भएको कारण स्थानीय होटेल व्यवसायी तथा कृषकहरु खुसी भएको गाउँपालिकाले जनाएको छ।

उक्त संवादले नेपाली चलचित्रहरूको छायांकन गर्ने उपयुक्त गन्तव्यको रूपमा दैलेखको गुराँस गाउँपालिकालाई समावेश गरिने बाटो खोल्यो। उक्त कार्यक्रममा नेपाल चलचित्र विकास बोर्डका कार्यकारी अध्यक्ष तथा अभिनेता भुवन केसीले गुराँसको प्राकृतिक हिसावले मनोरम वातावरण नै चलचित्र क्षेत्रको लागि महत्वपूर्ण हुने बताएका थिए।

**• आफ्नै भवनबाट सेवा प्रवाह**

गुराँसले आफ्नै अत्याधुनिक भवन निर्माण गरिसकेको निमित्त प्रमुख प्रशासकीय अधिकृत दाहाल बताउँछन्। उक्त भवनबाट सेवा प्रवाह भईरहेको दाहालको भनाई छ। यसका अलवा गाउँपालिकामा टोकन प्रणाली, डिजिटल सूचना पाटी व्यवस्थापन गरिएको छ। जसले सुशासन प्रर्वधनमा सहयोग पुगेको छ। 'सभाहल सहितको आफ्नै अत्याधुनिक भवनबाट सेवा प्रभाव भएको र घरभाडा बापत वार्षिक लाखौं रकम बचत हुनेछ,' निमित्त प्रमुख प्रशासकीय अधिकृत दाहालले भने।

**• हामी बनाउँछौं हाम्रो सडक**

गुराँसले 'हामी बनाउछौ हाम्रो सडक' कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। उक्त कार्यक्रम अन्तर्गत आफ्नै डोजर खरिद गरिएको निमित्त प्रमुख प्रशासकीय अधिकृत दाहालले बताए। 'हामी बनाउछौ हाम्रो सडक कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन भएको छ, सडक निर्माण र मर्मत कार्य आफ्नै मेसिनबाट संचालनमा रहेकोले आन्तरिक राजस्व समेत संकलन भईरहेको छ,' दाहालले भने।

**• सामाजिक न्यायसम्बन्धी ऐन**

गुराँस गाउँपालिकाले 'सामाजिक न्यायसम्बन्धी ऐन २०८०' बनाएको छ। संविधानको धारा ४२ ले प्रद्धत गरेको सामाजिक न्यायको हकलाई कार्यान्वयन गर्न गाउँपालिकाले उक्त ऐन बनाएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दाहालले बताए।

आर्थिक रूपले विपन्न, दलित, ज्येष्ठ नागरिक, असहाय, एकल महिला, अनाथ बालबालिका, लोपोन्मुख समुदाय, बादी समुदाय, अशक्त र असहाय अवस्थामा रहेका द्वन्द्वपीडित, लैंगिक तथा घरेलु हिंसा पीडित, यौनिक तथा लैंगिक अल्पसंख्यकको सामाजिक न्यायको हक कार्यान्वयन गर्न उक्त ऐन बनाएको दाहालले बताए।

'पिछडिएका समुदायको संरक्षण, उत्थान, सशक्तीकरण, आर्थिक सवलीकरण र विकासका लागि त्यस्ता व्यक्ति तथा परिवारका निम्ति सुरक्षित आवास, स्वरोजगारका लागि सिप विकास तालिम, वडास्तरमा सामाजिक सुरक्षा भत्ता सहज वितरण, विपन्न नागरिक परिचयपत्र, बाल पुनर्स्थापना केन्द्र स्थापना, आर्थिक सहायतालगायतका कार्यक्रम कार्यान्वयन गर्न ऐन निर्माण गरेका हौं,' दाहालले भने। सामाजिक न्यायसम्बन्धी ऐनसहित गाउँपालिकाले १३ वटा कानून निर्माण गरिसकेको छ।

**• घरघरमा धारा गुराँस सरकारको अभिभारा**

गाउँपालिकाले खानेपानी, स्वास्थ्य र शिक्षा क्षेत्रमा नविनतम् र प्रभावकारी कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। निमित्त प्रमुख प्रशासकीय अधिकृत दाहालका अनुसार गुराँसमा 'घर-घरमा धारा गुराँस सरकारको अभिभारा कार्यक्रम अन्तर्गत अधिकाँश वडामा स्वच्छ खानेपानीको व्यवस्थापन भ ईसकेको छ।

शत प्रतिशत घरधुरीमा शुद्ध खानेपानीको पहुँच पुर्‍याउने गाउँपालिकाले लक्ष्य लिएको छ। गाउँपालिकामा नयाँ एम्बुलेन्स खरिद प्रक्रिया अन्तिम चरणमा पुगेको छ। एम्बुलेन्स खरिद भएपछि छिट्टै विपन्न नागरिकलाई निशुल्क सेवा उपलब्ध गराउने तयारी गाउँपालिकाको छ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत दाहालले पालिकामा अध्यक्ष शैक्षिक सुधार कार्यक्रम सञ्चालनमा छ। 'अध्यक्ष शैक्षिक सुधार कार्यक्रममार्फत शत प्रतिशत विधार्थी भर्ना अभियान सम्पन्न भएको छ, विद्यालयहरुको स्तरउन्नति, प्राविधिक सहयोग लगाएत आफ्नै स्रोतबाट शिक्षक कर्मचारीको व्यवस्थापन गरिएको छ,' दाहालले भने।



## विदेश

# चिनियाँ सुरक्षा मञ्जुरी प्राप्त गरेपछि टेस्ला प्रमुख मस्क बेइजिङबाट प्रस्थान

**बेइजिङ, १७ वैशाख**

आफ्नो कम्पनीलाई चिनियाँ अधिकारीहरूबाट महत्त्वपूर्ण तथ्याङ्क सुरक्षा मञ्जुरी प्राप्त भएपछि अर्बपति एवं टेस्लाका प्रमुख कार्यकारी (सिइओ) एलन मस्क सोमबार बेइजिङबाट प्रस्थान गर्न एक विमानमा सवार भएको एएफपीका पत्रकारले बताएका छन्।

एक वर्षभन्दा पनि कम समयमा आफ्नो दोस्रो चीन भ्रमणका क्रममा आइतबार मस्क बेइजिङ पुगेका थिए। विश्वको सबैभन्दा ठूलो विद्युतीय कार बजार चीनमा आफ्नो कम्पनीको भाग्य बढाउनका लागि काम गर्न उहाँले प्रधानमन्त्री ली कियाङसहित शीर्ष अधिकारीहरूसँग भेट गरेका थिए।

सोही दिन चीनको तथ्याङ्क सुरक्षा आवश्यकतारू पूरा गर्ने टेस्लाको स्थानीयरूपमा उत्पादित मोडेलहरू विद्युतीय सवारीहरूमा सूचीबद्ध भएका छन्। मस्क दिउँसो एक बजे बेइजिङ क्यापिटल विमानस्थलमा आफ्नो निजी जेटमा सवार भएका थिए। ब्लुमबर्गका अनुसार अमेरिकी विद्युतीय कार कम्पनी टेस्ला नक्सा र नेभिगेसन सुविधाहरूका लागि टेक टाइटन बाइडुसँग मिलेर चीनमा आफ्नो सहायक ड्राइभिङ प्रविधिको उपयोग गर्नका लागि सरकारको स्वीकृति नजिक पुगेको छ।

बिवाइडीजस्ता घरेलु कम्पनीहरूसँग तीव्र प्रतिस्पर्धा गरे पनि टेस्ला चीनमा सबैभन्दा धेरै बिक्री हुने विद्युतीय सवारी मध्ये एक बनेको छ। यद्यपि उसले कडा तथ्याङ्क र गोपनीय कानूनको पालना गर्न आवश्यक 'फुल सेल्फ ड्राइभिङ (एफएसडी)' जस्ता सुविधाहरूका साथ आफ्नो बिक्रीलाई बढाउन कोसिस गरिरहेको छ।

चाइना एसोसिएसन अफ अटोमोबाइल्स मेनुफेक्चरर्स (सिएएएम) ले सन् २०२३ नोभेम्बरदेखि राष्ट्रिय कम्प्युटर सुरक्षा नियामकसँग मिलेर सवारी साधनको व्यक्तिगत जानकारी र कारको बाहिरी मुखाकृतिको रेकर्डिङलगायत कसरी तथ्याङ्क सङ्कलन र प्रशोधन गर्ने भन्नेबारे परीक्षण गरेको बताएको छ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — आज जुक्ति तथा बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ। मनोरञ्जनमा सहभागिता भइएला। प्रशस्त धन आर्जन गर्ने अवसर पाउनुहुनेछ।

**वृष** — आज मन खिन्न हुने स्थिति आउनेछ। महत्त्वाकाङ्क्षी योजना गोप्य राखेर अघि बढ्नुहोला। राजनीतिक कार्यमा बाधा पनि आउनसक्छ।

**मिथुन** — आज शत्रुहरू किनारा लाग्नेछन्। चिताएको कामले तीव्रता लिनेछ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। जोश जाँगर र हिम्मत पनि बढ्नेछ।

**कर्कट** — आँटेको र ताकेको कार्य पुरा होला। सामाजिक सभासमारोहमा भाग लिनु पर्नेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। नयाँ ज्ञान सिक्ने मौका छ।

**सिंह** — अरुलाई प्रभावित पारेर काम बन्नेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। आतिथ्यपूर्ण सम्मान पाइएला। व्यापार व्यवसायमा लाभ मिल्नेछ।

**कन्या** — योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ। राजनैतिक कार्यमा बाधा आउनेछ। सम्पत्ति हराउने र साँझमा खर्च बढ्न सक्छ।

**तुला** — आज विभिन्न अवसरले पछ्याउनेछन्। नजिकको मित्रसँग भेटघाट हुनेछ। पठनपाठनमा प्रगति हुनेछ, तर दिनको उत्तरार्धमा धन खर्च हुनेछ।

**वृश्चिक** — धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। नयाँ कार्यको थालनी हुनेछ। कूटनीतिक नियोगको सहयोग मिल्नेछ सफल यात्राको योग पनि छ।

**धनु** — आज मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। मन लोभ्याउने पहिरनले अरूको नजर आफूमाथि पार्नेछ।

**मकर** — आज भ्रमण, खानपान पहिरन तथा फेसनमा धन खर्च हुनेछ। महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ, तर जनताको गतिलो समर्थन मिल्नेछ।

**कुम्भ** — आजको प्रयत्न निष्फल जस्तै होला। अनावश्यक झमेलामा परिएला। चुनौतीको सामना गर्नुपर्ला। प्रयत्न गरे फाइदा पनि लिन सकिनेछ।

**मीन** — आज शुभ समाचार सुन्न पाइएला। नयाँ कार्यको थालनी हुन सक्छ। राजनैतिक कार्यमा सफलता मिल्नेछ। आम्दानी पनि प्रशस्तै बढ्न सक्छ।

# कालो कामीको आरनको जिन्दगी आरन लोप हुने अवस्थामा



कल्पना ढेङ्गा मगर





सानो झुपडी । झुपडीभित्र असरल्ल छरिएका फलामका टुक्राहरू । सँगै कोइला । कोइला पोल्न प्रयोग गरिने भत्किएको चुलो । चुलो नजिकै घन र हतौडा । भेरीगंगा नगरपालिका-११ का कालो कामी ६२ वर्षको भए । आरनमा बसेर फलामका सामग्री बनाउने काम गर्छन् । उनले आरनमा फलामका सामान बनाउन थालेको सात वर्ष भइसक्यो ।

उनको बुबाले आरनको काम त गरेका थिएनन् । उनी देश आएपछि आरनको काम सिकेको बताउँछन् । उनको पुरानो बस्ती सल्यान हो, सल्यानबाट आएपछि आरनको पेसा अंगालेको बताए । सल्यानबाट आएको पनि ४० वर्ष भएको उनले सुनाए ।

'आरनको काम गरेर नै घर परिवार चलाएको उनले बताए । उनको तीन छोरी र एक छोरा रहेका छन् । मलिन स्वरमा उनले भने, 'मैले यो पेसा विचमा छोडेर फेरी गरेको छु । छोरो त अहिले इन्डिया गएको छ । उसले यो पेसा अंगाल्छ अंगाल्दैन त्यो त थाहा छैन् ।' अहिले उनी आरनको काम नियमित त पाउँदैनन् । तर उनले अन्नबाली लिने गरेको छैनन् । ज्यालादारीमै आरको काम गर्ने गरेको बताए । त्यहि आरनको कामले परवारमा राहत मिलेको उनको भनाई छ । सुरुवातमा आरन व्यवसाय राम्रो रहे पनि अहिले भने फस्टाउन नसकेको उनी बताउँछन् ।

'आरनको काम सुरु गर्दा बाली प्रथा थियो, अहिले बाली लिने छैन्' उनी भन्छन् । आरन व्यवसायमा मेहनत धेरै गर्नुपर्ने उनी बताउँछन् । उनी भन्छन्, 'गर्मीमा आगोसँग खेल्नुपर्दा निकै गाह्रो हुन्छ, आगोमा फलाम गलाउनुपर्ने हुँदा मेहेनत बढी गर्नुपर्छ ।' आरनमा फलामको काम गर्नुपर्ने भएकाले काममा ध्यान दिनुपर्ने र मेहेनत गर्नुपर्ने भएर नयाँ पुस्ताले यो व्यवसायलाई निरन्तरता दिन नसकेको उनको भनाइ छ । 'आधुनिकीकरण हुन नसक्दा आरन व्यवसाय लोप हुँदै गएको छ,' उनले भने । विचमा यो पेसा छोडेको पनि थिएँ ।

पछि फेरी आरन पेसा नै गर्न थालेँ । आरन व्यवसायबाट जीविकोपार्जन गर्न गाह्रो हुने गरेको उनी बताउँछन् । उनी भन्छन्, ' आरनमा बनाइने ठूला औजारमध्ये हलो, बञ्चरो, कोदाली, खुकुरी, हँसियालगायत लोप भएका छन् ।' गाउँघरमा मकै गोड्ने कोदालो, घाँस काट्ने हँसिया, फलामका छुरीलगायत औजार बनाउन आउने उनी बताउँछन् । कोइला, गोलको कमी हुँदा आगोमा हराउने तरिका हराउँदै गएको उनी बताउँछन् ।

उनी भन्छन्, 'जगंल त बढेको छ । तर, जंगलमा जान रोक लगाइएको छ, दाउराको अभावले कोइला उपलब्ध हुनै छोड्यो फलामका औजार बनाउनै छोडियो । जंगलको त न सुकेको न काँचो कुनै दाउरा लिन पाईदैन् ।' राम्रो कोइलाले मात्र फलाम गल्न सजिलो हुने उनी बताउँछन् । कालो कामीले फलामको औजार बनाएर व्यापार भने गर्दैनन्, कसैले भने मात्र गर्ने उनी बताउँछन् । उनी भन्छन्, 'पहिलेदेखि नै काम गर्दै आएकोले बनाइदेऊ भने पछि मात्र बनाउँछु ।'

**परम्परागत आरनबाट केहि गर्न सकिँदैन**

उनी भन्छन्, 'पुरानै प्रविधि प्रयोग गरेर आरन व्यवसाय गरेर केहि गर्न सकिँदैन, पढलेखेका नयाँ पुस्ताले अन्य कुनै नयाँ व्यवसाय गरुन् जस्तो लाग्छ ।' कृषि विकास निर्देशनालयले उनलाई हाते मेसिन, ठुलो ग्यालेन्डर, सानो ग्यालेन्डर, चक्का, पंखा र घन लगाएतको सामान उपलब्ध गराएको उनले बताए ।

यी सबै सामाग्रिमा कृषि विकास निर्देशनालय सुर्खेतले ५० हजार रुपैयाँ बराबरको सामान उपलब्ध गराएको जनाएको छ । उनले आरनमा फलाम पिट्ने काम गरेर जीविकोपार्जन गर्ने बताउँछन् । गाईवस्तुलाई कुडो पकाउने ठूला दिप्चे, कोदालो, हँसिया, बञ्चरोलगायत विभिन्न औजारहरू बनाएका काले कामी हिजोआज हँसिया तथा कोदालो बनाउने र धार लगाउने काम गर्छन् ।

आरनमा हँसिया धार लगाउदै गरेका कालो कामी भन्छन्, 'सबै परिवर्तन भएको छ, हलो जुवाको सट्टा ट्याक्टरले एकै छिनमा काम गर्दिन्छ, भन्नेबित्तिकै काम गर्न सजिलो भएको छ ।' उनले पनि सुरुवातमा बालीप्रथाबाट काम गरे । तर, अचेल भने उनी काम गरे बापत नगदै पैसा लिने गरेका छन् ।

अधिकांशले पुरानै औजार मर्मत गर्न आरन आउने गरेको उनी सुनाउँछन् । उनी भन्छन्, 'पहिलेजस्तो आरनमा बसेर फलाम पिट्ने काम गर्न सकिँदैन ।' उनले यही पेशाबाटै परिवारको खर्च धानेका छन् । अचेल भने अर्डर आएपछि मात्रै काम गर्ने गरेको उनी बताउँछन् । आरनको काममा मेहनत अनुसारको पारिश्रमिक नभएको उनी बताउँछन् । गाउँघरमा धेरै उधारो जाने गरेको उनले बताए ।

आरनबाट महिनामा ७ हजार रुपैयाँ कमाई हुने गर्छ तर पनि यसमा आफु खुसी हुने गरेको उनले बताए । आरनमा काम गर्ने तरिकामा परिमार्जन हुन जरुरी रहेको उनी बताउँछन् । उनी भन्छन्, 'नयाँ पुस्ताले नयाँ तरिका ल्याउन सके आरन व्यवसायले निरन्तरता पाउँछ ।'

समयसँगै आरनको महत्व निकै कम भएको उनको अनुभव छ । 'अचेलका पुस्तालाई न आरनको बारेमा केही थाहा छ न त आरनको कामलाई महत्त्व नै दिन्छन्,' उनले भने ।

आरनको व्यवसायीकरण हुन नसक्दा आरन लोप हुने अवस्थामा पुगेको उनको अनुमान छ । 'काम नै गर्छु भनेर लाग्न चाहनेहरूलाई व्यवसाय गर्न समस्या परेको उनी बताउँछन् । एक हँसिया बनाउन एक दिन लाग्ने भएकाले काम गर्न निकै दुःख रहेको उनी बताउँछन् ।

## परिवर्तन...

७८ लाख २१ हजार बढिको कृषि तथा फलफुल जन्य वस्तु निर्यात गरेको कर्णालीले चालु आ.व को ६ महिनाको अवधिमा मात्रै एक अर्ब ९६ लाख ७ हजार बढिको निर्यात भएको छ । कर्णालीका अन्य जिल्लामा अनुगमन तथा मुल्यांकनको काम गरिरहेको निर्देशनालयले सुर्खेतमा कृषि विकासका कार्यक्रम कार्यान्वयन गरिहेको छ ।

जसमा पकेट विकास कार्यक्रम तर्फ आलु, तरकारी, अदुवा वेसार, मौरी, च्याउ तथा अन्य कार्यक्रम संचालित छन् । भने ब्लक विकास कार्याक्रिमतर्फ मौरी, तरकारी, बदाम, मकै, धान तथा अन्य कार्यक्रम कार्यान्वयन भइरहेका छन ।

सुर्खेतमा कृषि सिँचाई निर्माणतर्फ तीन सय ७२ वटा सिँचाईका कार्यक्रम सम्पन्न भएका छन् । जसबाट पाँच हजार पाँच सय ८० हेक्टर सिचाई भएको छ । भने करिव सात हजार ६ सय जनाले आंसिक रोजगारी पाएको निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका कृषि प्रसार अधिकृत तिलक प्रसाद पाण्डेका अनुसार कृषि सडक निर्माणतर्फ २८ वटा सडक निर्माण भएका छन् । तर हाल यो कार्यक्रम छैन । त्यस्तै सिम्ता र चौकुनेमा प्राङ्गारिक मिसन कार्यक्रम सञ्चालन भइरहेको उनले बताए ।

उनले भने, 'प्रांगारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यवसायिक, मर्यादित, वातावरण मैत्री र प्रतिस्पर्धी बनाई कृषकहरुको आय बृद्धि गर्ने उद्देश्यका साथ आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गरिदै आएको छ ।'

## गरे के...

तरकारी व्यवसायमा होमिएका छन् । हाल २ वटा गाइ र ५ वटा भैंसी छन् । हाल ड्रागन फल सहित तरकारीबाट एकै सिजनमा ६/७ लाख रुपैयाँ आम्दानी गर्दै आएका उनी दुध बेचेर महिनामा ६५ हजार कमाउँछन् । उनले कृषि विकास निर्देशनालयको ५० प्रतिशत लगानी र आफ्नो ५० प्रतिशत लगानीमा व्यवसाय गरिरहेका छन् । निर्देशनालयबाट उनले पानी सिँचाईको लागि मोटर, पाईप, तरकारीको लागि टनेल, खेत जोत्नका लागि मिनि टेलर लगायतका औजार अनुदान र प्राविधिक सहयोग पाएका छन् ।

सहकारीबाट केहि सहुलितमा ऋण लिएको र गुर्भाकोट नगरपालिकाले पनि तरकारीको विउ, विजन दिएर सहयोग गर्ने गरेको उनी बताउँछन् । तरकारी खेतीका लागि समयमा आकाशे पानी नपर्नु, र विद्युत कम भोल्टेज हुनुले समस्या भएको उनको भनाइ छ ।

हाल उनको सिंगो परिवार तरकारी खेतीमा व्यस्त छ । भने बजारको समस्या छैन । अर्काको देशमा गएर काम गर्नुभन्दा स्वदेशमा नै काम गरेर विदेशको सरह कमाइ गर्न सकिन्छ र स्वरोजगार बन्दै अरु नेपालीलाई पनि रोजगारी दिन सकिन्छ भन्ने यो गतिलो उदाहरण पनि हो ।

तर कृषिमा प्रचुर संभावना हुदाँहुदै यूवाहरुको आकर्षण घट्दो छ । ठुलो ऋण काढेर बैदेशिक रोजगारीमा जान चाहाने यूवाहरु स्वदेशमै कृषिमा लगानी गरी मेहनत गर्न चाहादैनन् । पूर्वी सुर्खेतमा अधिकांश ठाउमा खेतीयोग्य जमिन बाँझै छ । तर यूवाहरुको कृषिमा आकर्षण कम छ ।

## परिश्रमल...

संस्थाद्धारा वीउ उद्योग सञ्चालन गरिएको हो ।

उद्योगका लागि हाल एक हजार ६ सय ४५ जना कृषकले वीउ उत्पादन गर्दै आएका छन् । जसबाट कृषकहरु आफु आत्मनिर्भर हुनुका साथै उद्योग सञ्चालनमा समेत सहज भएको छ । हाल उद्योगले देशका ४४ जिल्लामा रहेका १ सय ६० बढि भेग्रोभेट मार्फत बीउ बेच्दै आएको छ । १० प्रजातिका हिउँदे, १२ प्रजातिका वर्षे तरकारी र ६ प्रजातिका खाद्यान्न बाली गरी वार्षिक २ सय मेट्रिक्टन बढि वीउ उत्पादन गरी निर्यात गरिरहेको उद्योगका म्यानेजर चन्द्र ओझाले बताए ।

१० जना कर्मचारी रहेको यो उद्योगमा १२ सय ४७ सेयर सदस्य छन् । संस्थाका अध्यक्ष नौलसिंह खत्रीले वीउ भण्डारणका लागि गोदाम समस्या रहेको भन्दै निर्देशनालयलाई सहयोग गरिदिन अनुरोध गरे । संस्थाले चालु आर्थिक वर्ष २०८०/०८१ को हालसम्म तीन करोड ५४ लाख ७४ हजार ६ सय ८० रुपैयाँ बराबरको तरकारी तथा खाद्य बालीको वीउ निर्यात गरेको छ ।

कृषि विकास निर्देनालयले विभिन्न समयमा कृषि उपकरण खरिद, भवन निर्माण, वीउ प्रशोधन गर्ने मेसिन खरिद, वीउ ढुवानीका लागि गाडि खरिद लगायत शिर्षकमा ८५ लाख बढी रकम संस्थालाई अनुदान वापत प्रदान गरेको छ ।

वीउ उद्योगको अवलोकनपछि खाना खाएर हामी गुर्भाकोट-९ मा रहेको कोटमाझखर्क कृषि शित भण्डारमा पुग्यौं । जहाँ विभिन्न तरकारी भण्डारण गरिएका थिए । तर प्राविधिक ज्ञानको कमिका कारण तापक्रम मिलाउन नजान्दा तरकारी कुहिने समस्या रहेको संस्थाका अध्यक्ष गिताराम थापामगरले बताए ।

८५ मेट्रिक्टन क्षमताको यो शित भण्डारको मैदान र पर्खाल निर्माणको काम जारी थियो । निर्देशनालयको एक करोड ३३ लाख २७ हजार अनुदान रकमसहित कुल दुई करोड पाँच लाख १७ हजार रकम यो शित भण्डार निर्माणमा खर्च भएको छ । शित भण्डार नियमति सञ्चालनका लागि प्राविधिक जनशक्ति र आयात निर्यातका लागि गाडीको व्यवस्थापन हुन जरुरी छ ।

## कृषिमा...

बनेको यो शित भण्डार निर्माणमा दुई करोड २३ लाख लगानी गरिएको छ । जसमा कृषि विकास निर्देशनालय सहित विभिन्न संस्थाले सहयोग गरेका छन् । यसलाई नियमित प्रयोगमा ल्याउन सके किसानको उत्पादनले पनि उचित बजार मुल्य पाउने निश्चित छ । शित भण्डार अवलोकनपछि हामी भेरीगंगा-११ स्थित साँघुरे टोलमा निर्माणधिन भेरी लिफ्ट सिचाँइ पोखरी रहेको स्थानमा पुग्यौं । जहाँ निर्माणको काम अँझै पनि जारी छ । तर निर्माणपछि त्यहाँका काकाकुल ४० बढि घरधुरी प्रत्यक्ष लावान्भित हुने पक्का छ ।

बढ्दो खडेरी र सिचाँई अभावले हाल पोखरी वरिपरीको खेतीयोग्य सबै जग्गा बाँझै छ । लिफ्ट सिचाँई पोखरी निर्माणपछि बाँझै रहेका खेतबारीमा सँधै तरकारी फलाउने स्थानीयवासीले सपना बोकेका छन् । स्थानीय दल बहादुर सुनारले सिँचाई अभावले खेतबारी बाँझै हुँदा अन्य काम गरेर घर खर्च चलाउनु परेको बताए ।

त्यसपछि साँघुरे टोलमै कालो कामीले सञ्चालन गरेको आरन व्यवसाय पनि अवलोकन गर्ने मौका मिल्यो । आरन व्यवसायलाई दिगो बनाउन निर्देशनालयले ५० हजार बराबरको उपकरण सहयोग गरेको कुरामा कालो कामी निकै खुसी देखिन्थ्ये । सल्यानबाट बसाई रहेका उनले आफ्नो पुर्खौली पेशालाई आम्दानीको गतिलो स्रोत बनाएका छन् । तर छोरानातीहरुले यो पेशालाई वास्था नगर्दा आरन व्यवसाय हराउनेमा उनी चिन्तित देखिन्थ्ये । कुनैबेला अन्नबाली लिएर कुटो, कोदालो लगाएतका कृषि औजार बनाउने गरेका उनी हाल नगद पैंसा लिएर काम गर्ने गर्छन् । हाल उनको व्यवसाय पनि सन्तोषजनक चलेको छ । आरन व्यवसाय अवलोकनपछि हामी सोही गाउँमा रहेको एक जानकी एकिकृत पशुपंक्षी तथा कृषि फर्ममा पुग्यौं । बेरोजगार कृषि प्राविधिक सहयोग कार्यक्रम अन्तर्गत कृषि विकास निर्देशनालयले यो फर्म संचालनमा आर्थिक सहयोग गरेको छ ।

बेरोजगार कृषि प्राविधिक जानकी रेग्मीले हाल दुई बिगा जग्गामा कृषि कर्म गरिरहेकी छन् । सबै प्रकारका तरकारी फलाउँदै आएकी उनी गाउँमै पसिना बगाएर लाखौं कमाउन सफल भएकी छन् । व्यवसायलाई थप अब्बल बनाउन जानकीका श्रीमान छविलाल बुढाथोकीले पनि सहयोग गरिरहेका छन् ।

उनले उत्पादन गरेको तरकारी बाली बजारीकरण खासै समस्या छैन । व्यापारीहरु तरकारी किन्न बारीमै पुग्छन् । त्यसैमा झन् भेरी बबई डाइभर्सनका कर्मचारी उनका नियमित ग्राहक हुन । तरकारीमा मल तथा दुधमा लागि उनले भैंसी पनि पालेकी छन् । उनको यो नमूना काम देखेर हाल छिमेकीहरुले पनि सिको गर्न थालेका छन् ।


खजुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरा, बाँके
लुम्बिनी प्रदेश सरकार, नेपाल

**ठेक्का स्विकृति गर्ने आशयको सूचना**

(प्रथम पटक सुचना प्रकाशित मितिः २०८१।०१।१७)

यस गाउँपालिकाको मिति २०८०।१२।१६ गते नागरिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सुचना अनुसार बोलपत्र आह्वान भइ तोकिएको म्याद भित्र बोलपत्र प्रस्तावमा दर्ता गर्ने निर्माण कम्पनिहरु बाट मिति २०८१।०१।१६ मा प्रस्ताव खोली मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ ।

| क्र. सं. | ठेक्का नं. | ठेकेदारको नाम | योजनाको नाम | भ्याट र पि.एस.सहित कबोल अंक रु. | कै. |
|---|---|---|---|---|---|
| १. | KRM/NCB/ WORKS/ 29/2080-81 | प्रभु डेभपलपमेन्ट विल्डर्स प्रा.लि. खजुरा-३, बाँके | वडा नं. ८ मा घिया ताल निर्माण कार्य | रु.२४२१५३२.२९ | |

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिका कार्यालय
**सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना**

(प्रकाशित मिति २०८१/१/१८ गते

सुर्खेत वी.न.नपा वडा नं. ८ स्थायी घर भएको श्री धर्मराज पौडेलले यस वी.न.न.पा. वडा नं. ८ साविक कटकुवा/वी.न.नपा-९ कि.नं. १०४, क्षेत्रफल १७६.०० वर्ग मी. मा घर निमार्णका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी** : सडक/बाटो **पश्चिम जग्गाधनी** : धर्मराज शाही
**उत्तर जग्गाधनी** : काशिराम भट्टराई **दक्षिण जग्गाधनी** : वेल ब. नेपाली

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेहेलकुना, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०१/१४**

यस नगरपालिकाको आ.व २०८०/०८१ मा बिभिन्न सडकहरु निर्माण गर्न लागिएकोले इच्छुक निर्माण व्यवसायीहरुलाई तपसिल बमोजिमको शर्तको अधिनमा रही तपसिल बमोजिमको कार्यको लागि दरभाउपत्र आव्हान गरिएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन ( मिति २०८१/०१/२८ गते ) को १२:०० बजे भित्र अनलाईन बिधिवाट दर्ता गर्न सम्बधित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| S.N | Contract No. | Description of Work | Estimated Amount (Without VAT) | Bit Security | Cost of Bidding Document | Last Date and Time for Bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/GM/ SQ/03/2080/081 | Phalate Ramrikanda Daha Road construction works Malarani surkhet | 1678836.68 | 57,500.00 | 1000 | 2081-01-28 12:00 PM |
| 2 | NCB/WORKS/GM/ SQ/04/2080/081 | Aaptakura ghartitol dandagaun baghkhor Road construction works sahare surkhet | 1256110.06 | 45,000.00 | 1000 | 2081-01-28 12:00 PM |

तपसिल
१ दरभाउपत्र पेश गर्ने ईच्छुक निर्माण व्यवसायी प्रतलित कानून बमोजिम दर्ता भएको हुनुपर्ने छ ।
२) दरभाउपत्र नगरकार्यपालिकाको कार्यालयवाट मिति २०८१।०१।२८ गते दिनको १२:०० वजे सम्म खरिद गर्न सकिने छ र सोहिदिन १३:०० वजे ठेक्का खोलिने छ ।
३) दरभाउपत्र अनलाईन बिधिवाट पेस गनुपर्ने छ
४) दरभाउपत्रमा उल्लेखित दर रेट (मूल्य अभिवृद्धि कर बाहेक) अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्ने छ । अन्यथा मान्यहुनेछैन ।
५) दरभाउपत्रको जमानत रकम प्रति ठेक्काको बैंक ग्यारेन्टी वा रा.वा बैंक मेहेलकुना शाखा मा रहेको धरौटी खाता नं. ४४८०१००३०३००००२ बैंकमा नगद जम्मा गरेको बैंक भौचर दरभाउपत्रपत्र सहित पेश गरेको हुनुपर्ने छ ।
६) रित नपुगी आएका दरभाउपत्र उपर कुनै कार्यवाही हुनेछैन ।
७) कुनै समस्या आयमा कार्यालयको निर्णय नै अन्तिम निर्णय हुने छ ।
८) दरभाउपत्र दस्तुर रु १०००।- को यस कार्यालयको रा.वा बैंक मेहेलकुना शाखा मा रहेको कार्यालय खाता नं. ४४८०१००३०४०१०००२ बैंकमा जम्मा गरेको बैंक भौचर वा कार्यालयको राजस्व शाखावाट प्राप्त भौचर दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।

*पेश गर्नुपर्ने कागजातहरु*
१) कम्पनी रजिष्ट्रार वा ईजाजत प्रमाणपत्रको प्रतिलिपी ।
२) आ.व २०७९/०८० को कर चुक्ता,नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपी ।
३) दरभाउपत्रदाताले काम गर्न सक्ने स्पस्ट आधार सहितको कवोलनामापत्र अनिवार्य पेस गर्नुपर्ने छ ।

प्रमुख प्रशासकिय अधिकृत

## असारे विकासलाई निरुत्साहित गर्नुपर्छ : मुख्यमन्त्री कँडेल

**युग संवाददाता**
**सुर्खेत, १७ वैशाख ।**
कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले असारे विकास पूर्णरुपले निरुत्साहित गर्नुपर्ने बताएका छन् । कर्णाली प्रदेशसभाको सोमबारको बैठकमा मुख्यमन्त्री कँडेलले असार १ गतेभन्दा उता विनियोजित स्वीकृत योजना सम्झौता, कोटेसन र त्यही बर्ष कार्यान्वयन गर्ने गरी 'टेन्डर' गर्ने कुरा पूर्णरुपले बन्द गर्नुपर्छ भने ।

उनले भने, 'चालु आवका स्वीकृत योजना जेठसम्म सम्झौता गर्नुपर्नेछ । असारे विकासका नाममा हुने कामबाट सरोकारवालाले प्रश्न गर्ने स्थिति आउन दिनुहुँदैन ।' प्रदेश सरकारकाद्वारा विनियोजित बजेट थोरै तोकेका कारण कामको गति सुस्त नगरी काम द्रुत गतिमा अगाडि बढाउनुपर्ने जनाउँदै उनले सञ्चालित क्रमागत र बहुवर्षीय योजनाको दायित्व आफू नेतृत्वको सरकार पूरा गर्ने बताए । विगतको सरकारको अनुभूति र अनुभवका आधारमा आगामी आव २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट विश्वास सदनलाई दिलाए ।

संघीय सरकारको बजेट निर्माण गर्ने अन्तिम प्रक्रियामा भएकाले सरकार गठन भएपछि कर्णाली प्रदेशका जनप्रतिनिधि तथा सरोकारवाला सबैको प्रतिनिधित्व गर्ने चार योजनाका बारेमा आवश्यक जनमत र अनुभूति गर्ने गरी न्यूनतम प्रयत्न गरिएको उनले जनाए ।

मुख्यमन्त्री कँडेलले अर्को अधिवेशन समाप्त नहुँदै जिल्लाको गतिविधिको प्रत्यक्ष अवलोकन गरी त्यहाँको अवस्था जानकारी गराएमा सरकारलाई नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग पुग्ने बताए । मुख्यमन्त्री कँडेलले भने, 'बनाउने हो, लुकाउनुपर्ने कुनै कुरा छैन । पारदर्शी योजना बनाएर जनविश्वास दिलाउने हो । सबैलाई संलग्न बनाएर सरकारको नीति कार्यक्रम र बजेट निर्माण गर्ने हो । नीति तथा सिद्धान्तको प्राथमिकता रहेर बजेटमा छलफल गर्नुपर्छ । जेठको पहिलो हप्तादेखि प्रदेशसभा सदस्यहरुको प्रत्यक्ष सहभागितामा सरकारका तर्फबाट आवश्यक छलफल थालिने छ ।'

३० र १५ लाखभन्दा मुनिका योजना कार्यान्वयनका लागि प्रदेशसभामा भएको सहमति र विगत सरकारको मर्मअनुसार कार्यान्वयन गरिने उनले बताए । मुख्यमन्त्री कँडेलले आफ्नो निर्वाचन क्षेत्रमा गएर वस्तुनिष्ठ प्रतिवेदन सहित सबै प्रदेशसभा सदस्यहरु अर्को अधिवेशन सहभागी हुने अपेक्षा गरेको जनाउँदै सदस्यको महत्वपूर्ण सुझाव सल्लाह सरकारका निम्ति मार्ग निर्देशन हुने विचार व्यक्त गरे ।

## कालीकोटमा आगलागीबाट चार वर्षमा १३ जनाको मृत्यु

**युग संवाददाता**
**कालीकोट, १७ वैशाख ।**
कालीकोटमा चार वर्षमा आगलागीबाट १३ जनाको मृत्यु भएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार २०७७/७८, ७८/७९, ७९/८० र चालु आवको चैत मसान्तसम्म कालीकोट जिल्लामा आगलागीबाट १३ जनाको मृत्यु भएको हो ।

कर्णाली प्रदेशका १० जिल्लामध्ये कालीकोट आगलागीमा परी सबैभन्दा बढी मानवीय क्षति हुने जिल्लामा परेको छ । कर्णाली प्रदेशका १० जिल्लामध्ये आगलागीबाट कालीकोटमा १३ जना, डोल्पामा आठ जना, सल्यानमा सात, सुर्खेत र जुम्लामा ६/६ जना, दैलेखमा पाँच, मुगुमा चार, जाजरकोट, रुकुमपश्चिम र हुम्लामा दुई/दुई जनाको मृत्यु भएको कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क रहेको छ ।

कालीकोटमा २०७७/७८, ०७८/०७९, ०७९/८०, र चालु आवको चैत मसान्तसम्म करिब ४५ ठाउँमा आगलागी भएको छ । आगलागीबाट ३१ वटा घर जलेर पूर्णरुपमा क्षति हुनका साथै १३ जनाको मृत्यु भएको प्रहरीको तथ्याङ्क रहेको छ । जिल्लामा हालसम्म आगलागीबाट ७७ वटा पशुचौपाया मरेका छन् भने दर्जनौंको संख्यामा घाइते छन् ।

आगोले जङ्गलमा रहेका बोटबिरुवा जल्नुका साथै मृग, पशुपक्षी मर्ने गरेको, आगलागीबाट धनजनको क्षति हुँदासम्म नागरिक अझै सचेत नभएको र सरकारले आगलागी गर्नेलाई कानुनी दायरामा ल्याउन नसकेको अधिवक्ता अम्मल राजले बताए ।


### कोठा बहालमा लगाउने सम्बन्धि सूचना, २०८१

(प्रथम पटक प्रकाशित मिति: १८ वैशाख २०८१)

यस कृषि बजार व्यवस्थापन समिति वी.न.न.पा. ६, सुर्खेत बजार स्थलको ब्लक सी (C) भवनको कोठा नं. ५ हाल रिक्त अवस्थामा भएको हुँदा उक्त कोठा टेन्डरमार्फत् बहालमा लगाउनु पर्ने भएकोले तपसिलमा उल्लेखित विवरणका साथै विस्तृत सूचनाको अनिवार्य नियम तथा सर्तहरूको अधिनमा रही कृषि उपज वस्तुको व्यापार व्यवशाय गर्न इच्छुक व्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कृषि बजार समिति वीरेन्द्रनगर सुर्खेतको कार्यालयमा सिलबन्दी दरभाउ पत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ ।

तपसिल:

| ब्लक/भवन | कोठा नं. | कोठा क्षेत्रफल | न्यूनतम् मासिक भाडादर | धरौटी रकम |
|---|---|---|---|---|
| सी (C) | ५ | ५६० वर्गफिट | ७,०८०/- | २१,२४०/- |

थप विस्तृत सूचना तथा जानकारीका लागि यस कृषि बजार व्यवस्थापन समिति वीरेन्द्रनगर सुर्खेतको कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

कोठा वितरण उप समिति
कृषि बजार सुर्खेत
सम्पर्क नं.: ०८३-५२४२७३



### श्री शारदा जनकल्याण माध्यमिक विद्यालय रामपुर
कालीमाटी-३, सल्यान

### विज्ञापन सम्वन्धमा सूचना

मिति: २०८१/०१/१३

प्रस्तुत विषयमा यस विद्यालयमा निम्न माध्यमिक तह राहतका लागि आवश्यक तपसिल वमोजिमको विषय शिक्षक पदमा शिक्षा विकास तथा समन्वय इकाइ सल्यानको विज्ञापन अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/१० को निर्णयानुसार तपसिल बमोजिमको विज्ञापन गरिएको छ ।

तपसिल
**विज्ञापन नं.**: ०८/०८०/०८१ — **तह** : निम्न माध्यमिक
**दरवन्दिको किसिम** : राहत — **विषय**: गणित
**पद** : शिक्षक — **संख्या** : १
**शैक्षिक योग्यता**: आइ एड वा सो सरह उतिर्ण
**उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
**आवश्यक कागजातहरु** : शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नागरिकताको प्रतिलिपि अध्यापन अनुमति पत्रको प्रतिलिपि ।
**दरखास्त दस्तुर** : रु १०००।
**दरखास्त वुझाउने अन्तिम मिति**: २०८१/०१/२७ गते विद्यालय समय भित्र । (विदा परेमा सो को भोलिपल्ट )

थप जानकारीका लागि मो. नं. ९८५७८४४५६८ र ९८६१३९१४८१ वा विद्यालयमा सम्पर्क गर्नु होला ।



### डकुटमेन्ट हराएको सूचना

मिति २०८१ वैशाख १७ गते सुर्खेतदेखि गुर्भाकोटतर्फ जानेक्रममा मेरो निम्न व्यहोरा भएको (मार्कसिट) डकुमेन्ट हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय, स्थानीय पालिका, वडा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।

**तपशिल** :-
**नाम** : धनिसरा बि.क
**ठेगाना** : गुर्भाकोट-३, सुर्खेत
**सम्पर्क नं.** : ९७६८२६४३८५
**रजिष्ट्रेशन नम्बर** : TSLC-43411-75
**सिम्बोल नम्बर** : 36110



### डकुटमेन्ट हराएको सूचना

मिति २०८१ वैशाख १० गते मंगलगढी चोकदेखि धारापानीतर्फ जानेक्रममा मेरो निम्न व्यहोरा भएको १८ महिने CTEVT र ११/१२ को (मार्कसिट) डकुमेन्ट हराएको हुँदा भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय, स्थानीय पालिका, वडा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।

**तपशिल** :-
**नाम** : अन्जु बडुवाल
**ठेगाना** : कनकासुन्दरी गा.पा.-५, जुम्ला
**सम्पर्क नं.** : ९८४१७६१७४८
**रजिष्ट्रेशन नम्बर** : AG-01183-020
**जन्म मिति** : 2062-09-01



### उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनाय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री दिपेन्द्र राना धनी रहेको, दर्ता नम्बर ९६००/०७९/०८० बाट वी.न.नपा-१५, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री श्रृजनसिल कृषि तथा पशु पंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/ हाम्रो घरायसी /आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएकोछ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।



### घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००



### घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक व्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझ्ने
८ उक्त जग्गामा मोही भय नभयको बुझ्ने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१



### ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



### हटलाइन मर्मत सेवा फोन गर्नुहोस । समस्या सुनाउनुहोस समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८



भवानी छापाखाना DIGITAL COLOUR PRINTER
सुलभ दर तथा गुणस्तरीय छपाई तोकिएकै समयमा
**क्यालेण्डर**
स्पाइरल साधारण टेबल
के तपाई २०८१ सालको क्यालेण्डर छपाईको लागि विश्वसनीय छापाखानाको खोजीमा हुनुहुन्छ ?



•Screen Print •Offset Print •Digital Print
B.C. Group Karnali 2070
24 Years in Printing Experience
Quality & Quantity Printing House
संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20" × 30" & 19" × 25")
Multicolour Printing Machine
25000 Printing Per Hour



**भवानी छापाखाना**
Industry :- Birendranagar Industrial Area
: pressbhawani@gmail.com
Office :- Birendranagar-6, Surkhet
: 083-521615, 9858067999


युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।